# ग्रामथान गाउँपालिका
# Gramthan Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office Of Rural Municipal Executive
शिक्षा युवा तथा खेलकुद शाखा

तेतरिया,मोरङ्
Tetariya,Morang
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

पत्र संख्या : २०८३/०८४
Ref.No :2083/084
चलानी नं. :

**सामुदायिक विद्यालयको आर्थिक वर्ष २०८२/०८३ को लेखा परीक्षण गर्ने लेखापरीक्षक छनौटका लागि निवेदन पेश गर्ने सुचना।**

**प्रथम पटक प्रकाशित मिति २०८३/०५/२५**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) ज (२१) मा भएको व्यवस्था बमोजिम यस गाउँपालिका अन्तर्गत रहेका सबै सामुदायिक विद्यालयहरुको आ.व. २०८२/०८३ को अन्तिम लेखा परीक्षण गर्ने प्रयोजनार्थ विद्यालय लेखा परीक्षण मापदण्ड, २०७९ बमोजिम ग्रामथान गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०८३/०५/१८ गतेको बैठकको निर्णयानुसार तपसिल बमोजिमको योग्यता पुगेका र सम्बन्धितको आधिकारिक लेखा परीक्षण गर्ने नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्था (ICAN) मा दर्ता भएका लेखा परीक्षकहरुलाई देहाय बमोजिमका आवश्यक कागजातसहित यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र सुचिकृत गरी नियमानुसारको राजस्व दाखिला गरेको रसिद सहित शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**तपसिलः**

**सर्तहरु:**

१. मिति २०८३ मंसिर मसान्त भित्रमा विद्यालयको लेखापरीक्षण सम्पन्न गरी सो को एक प्रति प्रतिवेदन कार्य सम्पन्न भएको ७ (सात) दिन भित्र यस गाउँपालिका शिक्षा,युवा तथा खेलकुद शाखामा लेखापरीक्षक स्वयंले बुझाउनुपर्नेछ। निर्धारित समयमा प्रतिवेदन नबुझाउने लेखापरीक्षकलाई आगामी वर्षहरुमा सो कार्यमा समावेश नगराउने व्यहोरा समेत जानकारी गराईन्छ।

२. लेखा परीक्षकले नेपाल सरकारले स्थानीय तह मार्फत विद्यालयलाई उपलब्ध गराएको अधिकतम पारिश्रमिकमा नबढने गरी (माध्यमिक तहका लागि १५,०००। (पन्ध्र हजार) र आधारभूत तहका लागि रु. १०,०००। (दश हजार) मात्र भूक्तानी लिनुपर्नेछ।

३. लेखा परीक्षक छनौट गर्ने अन्तिम अधिकार स्थानीय तहको हुनेछ।

४. अन्य विषय विद्यालय लेखा परीक्षण मार्गदर्शन, २०७९ तथा प्रचलित कानूनबमोजिम हुनेछ।

**आवश्यक कागजातहरु:**

१. निवेदन (सम्पर्क नम्बर सहित),
२. नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्था (ICAN) मा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि,
३. मूल्य अभिवृद्धि कर (VAT) र स्थायी लेखा नं. (PAN) मा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि,
४. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
५. लेखापरीक्षण प्रमाणपत्र नवीकरण गरेको इजाजत पत्रको प्रतिलिपि,
६. आ.व. २०८२/०८३ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
७. लेखा परीक्षणसम्बन्धी कार्यमा भाग लिन अयोग्य नभएको, आफ्नो पेशा वा व्यवसायसम्बन्धी कसुरमा कालो सूचीमा नपरेको कुनै सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वःघोषणा पत्र सक्कल प्रति।

**बोधार्थः**

**श्री सूचना तथा प्रविधि शाखा.- वेबसाइटमा सूचना प्रविष्टि गरिदिनुहुन।**

मुरारी प्रसाद निरौला
प्रमुख प्रशासकीय अधिकृत

मुरारी प्रसाद निरौला
प्रमुख प्रशासकीय अधिकृत